# कास्की जिल्ला अदालतबाट जारी गरिएको सूचना

विश्वव्यापी महामारीको रूपमा तीव्र गतिमा फैलिएको नयाँ भेरियन्टको कोरना भाइरस (COVID-19) को संक्रमणका कारण अदालतको कामकारबाही तथा सेवा प्रवाहमा सङ्कुचन ल्याउने गरी यस अदालतको विभिन्न मितिहरूमा भएका पूर्ण बैठकबाट निर्णय भएकोमा जिल्ला प्रशासन कार्यालय कास्कीद्वारा जारी गरिएको निषेधाज्ञा रहेसम्मका लागि मिति २०७८/०३/१५ गतेदेखि लागू हुने गरी देहाय बमोजिमका कामकारवाही तथा सेवाहरू मात्र प्रवाह गर्ने गरी यस अदालतको मिति २०७८।०३।१४ को पूर्ण बैठकको निर्णय बमोजिम यो सूचना जारी गरिएको छ ।

<u>देहाय</u>

१. पक्राउ पुर्जी अनुमति, जरुरी पक्राउ पुर्जीको समर्थन, अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), कल डिटेल अनुमति समेतका कार्य श्रव्य-दृश्य माध्यमबाट मात्र गरिने ।

२. फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदन।

३. बाल सुधारगृहमा रहेका बालबालिका जिम्मा लिनेसम्बन्धी निवेदनउपरको कारबाही श्रव्य-दृश्य माध्यमबाट गरिने ।

४. अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने र थुनछेक आदेश, बहससम्बन्धी कार्य श्रव्य-दृश्य माध्यमबाट गरिने ।

५. डिसमिस र तामेली

६. अन्य थप सेवा प्रवाह सम्बन्धमा हाल निषेधाज्ञा कायमै रहेकोले तत्कालीन परिस्थिति समेतको मुल्याङ्कन गरी आवश्यकतानुसार बैठक बसी निर्णय लिने ।